# सिन्धुली अस्पतालमा प्रसुति हुन नसकी महिलाको मृत्यु भएको सम्बन्धमा

# अस्पताल व्यवस्थापन, सरोकारवाला निकाय र पिडित पक्षवीच भएको सहमति

मिति २०८०।०२।०९ गते दिनको १२ वजेको समयमा कमलामाई नगरपालिका वडा नं. ५ सिलामे बस्ने वर्ष २६ कि गंगा कुमारी श्रेष्ठ डेलिभरी गराउन सिन्धुली अस्पतालमा ल्याइएकोमा डेलिभरी हुन नसकी दिनको ३:२० बजे बर्दिबास ट्रमासेन्टर पठाएको र ५:०० चेकजाँच हुँदा मृतक भनि घोषणा भएपश्चात शव सिन्धुली अस्पतालमा राखिएको र तत्पश्चात महिलाका परिवार लगायत पिडित पक्षबाट विभिन्न माग राखी भएको आन्दोलनका क्रममा अस्पतालको भौतिक तथा कार्य वातावरण समेत विग्रिएको हुँदा आज जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षिय छलफल गरी देहाय अनुसार सहमति गरिएको छ।

१. उक्त घटनामा के कसो भएको हो सो को सत्य तथ्य छानविन गर्न देहाय अनुसार छानविन समिति गठन गरिदिन वागमती प्रदेश स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने। समितिले यस प्रकरणका सवै प्राविधिक पक्षहरु अध्ययन गरी प्रतिवेदन पेश गर्ने।

   क) वागमती प्रदेश स्वास्थ्य मन्त्रालयबाट तोकिएको चिकित्सक २ जना

   ख) जिल्ला स्वास्थ्य कार्यालयको प्रतिनिधि १ जना

   ग) पिडित पक्षबाट आमन्त्रित प्रतिनिधि १ जना

२. सिन्धुली अस्पताल व्यवस्थापनबाट अस्पतालका आन्तरिक सुधारतथा सम्बद्ध स्वास्थ्यकर्मीहरुको व्यवहारगत पक्षमा सुधारका कार्यहरु गर्ने।

३. अस्पताल हामी सवैको साझा सम्पत्ति रहेको तथ्य मनन गर्दै, स्वास्थ्यकर्मीको मनोवल उच्च राख्दै र पिडितपक्षलाई पुग्न गएको अपुरणिय क्षति प्रति गम्भिर वन्दैपिडित पक्षले विरोध र आन्दोलनका सवै कार्यक्रम फिर्ता लिने। मृतकको शव बुझिलिइ अन्त्येष्टि गर्ने। अस्पताल व्यवस्थापनले सरसफाई गरी अस्पतालको सेवालाई सूचारु गर्ने।

**पिडित पक्षको तर्फबाट**

सोम वहादुर श्रेष्ठ (मृतकको जेठाजु), क.न.पा.-५

तुल बहादुर गुरुङ (मृतकको ~~ससुरा~~ काका) क.न.पा.-५

**सिन्धुली अस्पतालको तर्फबाट**

अध्यक्ष सतिश ढकाल, सिन्धुली अस्पताल विकास समिति

मे.सु. उमेश प्रधान, सिन्धुली अस्पताल

**रोहवर**

१. नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेल, कमलामाई नगरपालिका
२. प्रमुख जिल्ला अधिकारी श्री सुनिता नेपाल, जिल्ला प्रशासन कार्यालय सिन्धुली
३. प्रहरी उपरीक्षक राजकुमार सिलवाल, जिल्ला प्रहरी कार्यालय सिन्धुली
४. श्री प्रदिप कुमार कटुवाल, पूर्व स्वास्थ्य मन्त्री एवं राजनीतिकर्मी तथा समाजसेवी
५. श्री विनोद खडका, पूर्व प्रदेशसभा सदस्य एवं राजनीतिकर्मी तथा समाजसेवी
६. वडाअध्यक्ष श्री कर्ण घिसिङ, कमलामाई न.पा. वडा नं ७

मितिः २०८०।२।१०